# ललितपुर जिल्ला अदालत

(तहसिल शाखा)

फोनः- अफिस ५५४४२२६
श्रेस्तेदार ५५५१३२३
तहसिल ५५५०३८८
फ्याक्स ५५५०३८७

लगनखेल ललितपुर

- tahashil.dclalitpur@supremecourt.gov.np


प.सं. ०८३/०८४

चलानी नं. ९८९

मितिः २०८३/०५/१०

विगो नं.३९४

**विषयः डाँक लिलाम सूचना तामेल गरि पठाईदिने सम्वन्धमा।**

श्री नेपाल स्टक एक्सचेन्ज लि.

श्री कंपनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर

श्री नमुना इङ्गलिस मिडियम बोर्डिङ्ग स्कुल प्रा.लि, दमक।

उपरोक्त सम्वन्धमा वादी कृष्ण चौधरी र प्रतिवादी रोशन चौधरी भएको चेक अनादरको(विगो) मुद्दामा प्रतिवादी रोशन चौधरीका नाउँको डाँक लिलाम सूचना म्याद यसै पत्रसाथ पठाएको छ।उक्त डाँक लिलाम सूचना डाँक लिलाम मिति २०८३/०६/१५ गते भन्दा १५ दिन आगवै तामेल गरी गराई यस अदालतमा पठाईदिन हुन अनुरोध गरिन्छ

.........................

हरि बहादुर खत्री

तहसिलदार

# श्री ललितपुर जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त जारी भएको डाँक लिलामी सूचना।

उप्रान्त बादी कृष्ण चौधरी र प्रतिबादी रोशन चौधरी भएको लेनदेन(विगो) मुद्दामा ललितपुर जिल्ला अदालतको मिति २०८०।१२।०६ गतेको फैसला बमोजिम सावाँ रकम रु.३०,००००।-(तीस लाख रुपैयाँ) र सोको कानुन बमोजिमको व्याज समेत प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्नसमेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरीपाउने विगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाहीको क्रममा प्रतिवादीको उक्त सम्पति मिति २०८३।०६।१५ गते यस अदालतमा पहिलो डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सुचना प्रकाशन गरिएको छ।

## तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८३।०६।१५ गते दिनको १० बजेदेखि ५ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँकलिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ।

२. डाँकलिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँकलिलाम हुने छ।

३. कायम भएको न्युनतम पञ्चकिर्ति मुल्यबाट डाँकबढाबढ गर्नुपर्ने छ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम डाँकलिलाम भएका मितिबाट ७ दिनभित्रमा दाखिल गर्नुपर्ने छ । त्यसरी ७ दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशित गरिने छ ।

५. डाँक लिलाम बढावढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईने छ ।

६. डाक लिलाम सम्वन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला

७. लिलाम सुचना टाँस हुने स्थानहरुः प्रतिवादीका नाँउमा एक प्रति, जग्गा रहेको स्थानमा १ प्रति, जग्गा भएको न.पा.को वडा कार्यालयमा १ प्रति, अदालत भवन रहेको ललितपुर महानगर पालिका वडा नं.१५ को वडा कार्यालयमा १ प्रति, बढी जनसम्पर्क हुने मालपोत कार्यालय ललितपुरमा १ प्रति र ललितपुर जिल्ला अदालत भवनको सुचना पाटीमा १ प्रति समेत ।

डाँकलिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | शेयर धनीको नाम | शेयर रहेको कम्पनिको नाम | | कित्ता नं देखि | कित्ता नं सम्म | जम्मा कित्ता | डाँक बोल्नुपर्ने न्युनतम अंक |
|---|---|---|---|---|---|---|---|
| १. | रोशन चौधरी | नमुना इङ्गलिस मिडियम स्कुल प्रा.लि.३९५२२ | | ४४४५ | ४९९९ | ५५५ | प्रतिकित्ता शेयर मुल्य रु.२०० |

ईति संम्वत २०८३ साल भदौ महिना १० गते रोज ४ शुभम..........................................................................